# बेष्ट फाइनान्स कम्पनी लिमिटेड

## बाइसौं वार्षिक साधारण सभाको माईन्युट

यस बेष्ट फाइनान्स कम्पनी लिमिटेडको मिति २०७५ माघ १७ गते वसेको सञ्चालक समितिको ४६८ औं बैठकको निर्णय बमोजिम सम्पूर्ण शेयरधनीहरुलाई पत्रपत्रिका मार्फत सुचना प्रबाह गरिए अनुसार आज मिति २०७५ साल फागुन १७ गते ( तद्अनुसार १ मार्च २०१९) का दिन विहान ११.०० बजे त्रिपुरेश्वर, काठमाण्डौ स्थित युनाइटेड वर्ल्ड ट्रेड सेन्टरको डिइसिसि हलमा वसेको साबिक सिनर्जी फाइनान्स लिमिटेडको बिसौं तथा एक्काइसौं बार्षिक साधारण सभा तथा यस बेष्ट फाइनान्स कम्पनी लिमिटेडको बाइसौं वार्षिक साधारण सभामा देहाय बमोजिमको उपस्थितिमा निम्न विषयहरुमा छलफल गरि निर्णयहरु गरियो ।

**१. उपस्थित सञ्चालकहरु:**

| | | |
|---|---|---|
| १. | श्री पदमराज न्यौपाने | अध्यक्ष |
| २. | श्री कृष्णहरी श्रेष्ठ | सञ्चालक |
| ३. | श्री मिलन थापा | सञ्चालक |
| ४. | श्री सुरज क्षेत्री | सञ्चालक |
| ५. | श्री महेश प्रसाद अधिकारी | सञ्चालक |
| ६. | श्री वेविजन तिमल्सीना | सञ्चालक |
| ७. | श्री बिमल प्रसाद ढकाल | सञ्चालक |

**२. शेयरधनीहरुको उपस्थीति:**

| | | |
|---|---|---|
| क) कुल शेयरधनी संख्या **१०,५५०** | कुल ग्रहण गरेको शेयर संख्या | **८१,००,१५८ शेयर कित्ता** |
| ख) स्वंय उपस्थित शेयरधनीहरु २१८ जना | शेयर संख्या | २९,४०,०४८ शेयर कित्ता |
| ग) प्रोक्सी मार्फत २३ जना | शेयर संख्या | १३,२८,८११ शेयर कित्ता |
| | जम्मा उपस्थित शेयर संख्या | ४२,६८,८५९ शेयर कित्ता |
| | जम्मा उपस्थित प्रतिशत | ५२.७० प्रतिशत |

**३. उपस्थित पदाधिकारीहरु तथा अन्य अतिथिहरु:**

| | | |
|---|---|---|
| १. | श्री तोयराज अधिकारी | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री राजेश प्रसाद मानन्धर | नायव प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव |
| ३. | अधिवक्ता श्री अरुण कुमार पौडेल | कानूनी सल्लाहकार |
| ४. | अधिवक्ता श्री श्याम कुमार खत्री | कानूनी सल्लाहकार |
| ५. | श्री खेमदेव घिमिरे | प्रवन्धक |

**४. कार्यक्रम सञ्चालक** श्री रामकृष्ण कार्की, बरिष्ठ प्रबन्धक

**५. सभाको वैधानिकताको जानकारी :**

बेष्ट फाइनान्स कम्पनी लिमिटेडको २०७५ माघ १७ गते वसेको सञ्चालक समितिको ४६८ औं बैठकको निर्णय बमोजिम साबिक सिनर्जी फाइनान्स लिमिटेडको विसौं तथा एक्काइसौं बार्षिक साधारण सभा तथा यस बेष्ट फाइनान्स कम्पनी लिमिटेडको बाइसौं वार्षिक साधारण सभा वस्ने वारेको सूचना, छलफल गर्ने विषयहरु, लेखा परिक्षकको प्रतिवेदन, संचालक समितिको प्रतिवेदन सहितको सूचना शेयरधनी महानुभावहरुको व्यक्तिगत ठेगानामा पठाईएको र सो सम्वन्धि सूचना प्रथम पटक मिति २०७५/१०/२० गतेको कारोबार राष्ट्रिय दैनिक, दोश्रो पटक २०७५/११/०१ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक, तेस्रो पटक मिति २०७५/११/१० गतेको मेचीकाली राष्ट्रिय दैनिक तथा मिति २०७५/११/१७ गतेको अन्नपूर्ण राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरी सार्वजनिक रुपले सूचित गरिएको थियो ।

कम्पनी सचिव

कम्पनी ऐन २०६३ को दफा ६७, ७६ तथा यस वित्तीय संस्थाको नियमावलीको नियम ४ बमोजिम बोलाईएको यस साधारण सभा कम्पनी ऐन २०६३ को दफा ७३ (२) तथा वित्तीय संस्थाको नियमावलीको नियम ५ ले तोकेको आवश्यक गणपूरक संख्याको सम्बन्धमा संस्थामा कुल १०,५५० शेयरधनीहरुले ग्रहण गरेको शेयर संख्या ८१,००,१५८ मध्ये, स्वयं उपस्थित २१८ जना, प्रोक्सी मार्फत २३ जना र संचालकहरु ७ जनाको जम्मा उपस्थित शेयर कित्ता ४२,६८,८५९ भएकोले जम्मा उपस्थित प्रतिशत ५२.७० प्रतिशत रहेकाले बैंकका कानूनी सल्लाहकार अधिवक्ता श्री अरुण कुमार पौडेलज्यूले यो सभा संचालन गर्न वैधानिकता प्राप्त भएको जानकारी गराउनु भयो ।

**६. स्वागत मन्तब्य :**
यस संस्थाका सञ्चालक श्री कृष्णहरी श्रेष्ठज्यूले सभामा उपस्थित सम्पूर्ण शेयरधनी, अतिथि एवं आमन्त्रीत व्यक्तित्वहरुलाई स्वागत गर्दै आफ्नो मन्तव्य राख्नु भयो ।

**७. सभाको आरम्भ :–**
सञ्चालक समितिका अध्यक्ष एंव साधारण सभाका अध्यक्ष श्री पदमराज न्यौपानेज्यूले पानसमा दीप प्रज्वलन गर्दै सभाको बिधिवत उद्घाटन गरी निम्न लिखित प्रस्तावहरु साधारण सभा समक्ष छलफल एंव निर्णयका लागि पेश गर्नुभयो ।

**८. छलफलका बिषयहरु**

**(क) सामान्य प्रस्ताव**

१. यस बेष्ट फाइनान्स कम्पनी (साबिक सिनर्जी फाइनान्स लि.तर्फको) आ.ब. २०७३/०७४ तथा आ.ब. २०७४/७५ को लेखा परिक्षण प्रतिवेदन सहितको बार्षिक वित्तीय विवरणहरु छलफल गरि पारित गर्ने ।

२. यस बेष्ट फाइनान्स कम्पनी लि. को आ. ब. २०७४/०७५ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

३. लेखा परिक्षकको प्रतिवेदन सहितको आ. ब. २०७४/०७५ को बार्षिक वित्तीय विबरण, (२०७५ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण, नाफा नोक्सान बाँडफाँड हिसाव लगायत बार्षिक वित्तीय बिबरण संग सम्वन्धित अनुसुचीहरु समेत) छलफल गरी पारित गर्ने ।

४. लेखा परिक्षण समितिको सिफारीस बमोजिम आ. व. २०७५/०७६ को लागी बाह्य लेखा परिक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

५. यस बेष्ट फाइनान्स कम्पनी लि. ले सिनर्जी फाइनान्स लि. लाई प्राप्ती गरी पदस्थापन भई आउनु भएका सिनर्जी फाइनान्स लि. शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने ३ जना सञ्चालकहरुको बाँकी कार्यकालको लागि अनुमोदन गर्ने ।

**(ख) विशेष प्रस्ताव**

१. बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १४ (१) मा भएको व्यवस्था बमोजिम संस्थाको सञ्चालक समितिमा जम्मा ७ जनाको संख्या निर्धारण गर्ने सोही बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेखीकरण गर्ने ।

२. यस बित्तीय संस्थाले भविष्यमा अन्य उपयुक्त बैंक तथा बित्तीय संस्थासंग एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ति (Acquisition) गर्ने सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर गर्न, चल अचल सम्पति र दायित्व मुल्याँकन (Due Diligence Audit) गर्नको लागि मान्यता प्राप्त मुल्याँकन कर्ता नियुक्त गर्न, निजको पारिश्रमीक तोक्न लगायत मर्जर सम्वन्धि अन्य आबश्यक प्रक्रिया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

३. बित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावली संशोधन सम्वन्धमा सम्वन्धीत निकायबाट कुनै थपघट, परिमार्जन गर्न निर्देशन भएमा सोहि बमोजिम संशोधन गर्ने सम्वन्धि सम्पूर्ण अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने ।

**(ग) बिबिध**

कम्पनी सचिव

## ९. प्रतिवेदन प्रस्तुत :–
अध्यक्षद्धारा सञ्चालक समितिको तर्फवाट आ.व. २०७४/०७५ को प्रतिवेदन तथा लेखा परिक्षकको प्रतिवेदन सहितको २०७४/०७५ को वार्षिक वित्तीय विवरण, २०७५ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाव र सोहि अवधिको नगद प्रवाह विवरण, नाफा नोक्सान बाँडफाँड हिसाव लगायत आर्थिक विवरण र सो संग सम्वन्धित अनुसूचीहरु समेत छलफलको लागि प्रस्तुत गर्नु भयो । त्यसैगरी साविक सिनर्जी फाइनान्स लिमिटेड तर्फको आ.ब. २०७३/७४ तथा आ.ब. २०७४/७५ को लेखा परिक्षण प्रतिवेदन सहितको वार्षिक वित्तीय विवरणहरु छलफलका लागि प्रस्तुत गर्नुभयो ।

## १०. छलफलका बिषयहरु उपर शेयरधनीहरुको जिज्ञांसा तथा सुझावहरु
सभामा अध्यक्ष ज्यूको प्रतिवेदन लगायत माथि उल्लेखित विषयहरुमा छलफलमा सहभागी हुँदै निम्न शेयरधनीहरुले जिज्ञासा एंव सुझावहरु राख्नु भएको थियो ।

शेयरधनीहरु श्री अमृतनाथ रेग्मी, श्री उद्धव प्रसाद घिमिरे, श्री डमरुवल्लव घिमिरे, श्री शिव प्रसाद पौडेल, श्री चन्द्र नारायण श्रेष्ठ, श्री कृष्ण प्रसाद अधिकारी, श्री इन्द्र कृष्ण श्रेष्ठ, श्री महेन्द्र बहादुर श्रेष्ठ, श्री रोजकुमार श्रेष्ठ, श्री नरसिंह लाल चंखु तथा श्री श्याम बहादुर तामाङज्यूले देहाय वमोजिमका जिज्ञांसा तथा सुझावहरु राख्नुभयो ।

१. संस्थाको तोकिए वमोजिमको न्युनतम चुक्ता पुँजी पुरा भएकोमा सन्तोष व्यक्त गर्दछौं ।
२. ऋणात्मक रहेको साधारण जगेडा कोष कहिलेसम्म धनात्मक हुन्छ ?
३. संचालन खर्च कम गर्नुपर्ने आवश्यकता छ ।
४. निक्षेप बृद्धिको लागी योजनाहरु ल्याउनु पर्ने देखियो ।
५. संचालक समितिको बैठक संख्या धेरै भयो कि ?
६. नेपाल राष्ट्र बैंकको टिप्पणीमा रहेका कैफियत सुधारको लागि तिव्रता दिनुपर्ने देखियो ।
७. संस्थाको कारोबार विस्तारमा गतिशीलता हुनुपर्ने देखियो ।
८. बार्षिक साधारण सभा समयमा नै गर्न पहल गर्नुपर्ने ।
९. IPO मा शेयर आवेदन भर्नको लागि C-Asba सेवाको लागि प्रयास गर्नुपर्ने ।
१०. अधिक रहेको खराव कर्जाको मात्रा घटाउन तिव्रता दिनुपर्ने ।
११. अन्य संस्थाहरुको शेयरमा लगानी बढाउनु पर्ने ।
१२. संस्थाको संस्थागत सुशासनमा अझै सुदृढिकरण गर्दै लैजानुपर्ने ।
१३. कर्मचारी संख्याको अनुपातमा संस्थाको कारोबार वृद्धि हुन नसकेको देखियो ।
१४. संचित नोक्सानी कम गर्ने तर्फ विशेष ध्यान दिनुपर्ने आवश्यकता देखियो ।
१५. निष्कृय कर्जा कम गर्ने तर्फ तिव्रता दिनुपर्ने देखियो ।
१६. Management Efficiency बढाउनु पर्ने ।
१७. संचित नोक्सानीमा रहेको संस्थाले कर्मचारीहरुलाई बोनस प्रदान गर्न मिल्छ र ?

## ११. शेयरधनीहरुको जिज्ञांसाहरुको प्रतिउत्तर
अध्यक्षद्धारा संस्थाको साविक सिनर्जी फाइनान्स लिमिटेडलाई प्राप्ती गरेपश्चात यस बाइसौं साधारण सभा सम्म आइपुग्दा बित्तीय परिसुचकहरुमा भएका उपलब्धिहरु एवं कारोबारमा भएको प्रगतिको बारेमा जानकारी गराउदै संस्थाको संचालन खर्चको प्रतिशत कम गर्ने, नेपाल राष्ट्र बैंकको टिप्पणीमा रहेका केहि कैफियतहरु सुधार गरिसकिएको र अन्य कैफियतहरु सुधारको क्रममा रहेको, संस्थामा अधिक रहेको खराव कर्जा तथा निष्कृय कर्जाको मात्रा घटाउने प्रयास भइरहेको, खराव एवं निष्कृय कर्जाको असुली संगै नाफामा बृद्धिहुन गई संस्थाको संचित नोक्सानी कम हुदैं गएको, संस्थाको संस्थागत सुशासन सुदृढिकरणमा सञ्चालक समिति तथा व्यवस्थापन प्रतिवद्ध रहेको जानकारी गराउदै अव निकट भविष्यमै यस संस्था एक सवल बित्तीय संस्थाको रुपमा परिणत हुनेमा विश्वास दिलाउनुभयो । यसै गरी संस्थाका प्रमुख कार्यकारी अधिकृत तोयराज अधिकारीले IPO मा शेयर आवेदन भर्नको लागि C-ASBA सेवाको लागि प्रयास भइरहेको, Management Efficiency बढाउन कर्मचारीहरुलाई आवश्यकता अनुसार बिभिन्न तालिमहरुमा सहभागी गराउने गरिएको, संस्था संचित नोक्सानीमा रहेको भएतापनी आ.व. २०७४/७५ मा भएको नाफाको आधारमा कर्मचारीहरुलाई बोनस प्रदान गरिएको, अन्य संस्थाहरुको शेयरमा लगानी बढाउने तर्फ योजना बनाउने लगायतका बिषयहरुमा जानकारी गराउनुभयो ।

BEST FINANCE COMPANY LTD. BFC

कम्पनी सचिव

१२. सभाको निर्णयहरु :

शेयरधनीहरुको जिज्ञासा तथा सुझावहरुको प्रतिउत्तर पश्चात् अध्यक्ष श्री पदमराज न्यौपानेज्यूले सञ्चालक समितिको तर्फवाट प्रस्तुत गरिएका देहायका बिषयहरु छलफल भई साधारण सभामा सर्वसम्मतिबाट निर्णय भएको जानकारी गराउनु भयो ।

क) सामान्य प्रस्ताव :–

१. यस बेष्ट फाइनान्स कम्पनी (साविक सिनर्जी फाइनान्स लिमिटेड तर्फको) आ. ब. २०७३/०७४ तथा आ. ब. २०७४/७५ को लेखा परिक्षण प्रतिवेदन सहितको बार्षिक वित्तीय विवरणहरु र सोको अनुसुचिहरु समेत पारित गर्ने निर्णय गरियो ।

२. यस बेष्ट फाइनान्स कम्पनी लिमिटेडको आ. ब. २०७४/०७५ को संचालक समितिको प्रतिवेदन पारित गर्ने निर्णय गरियो ।

३. लेखा परिक्षकको प्रतिवेदन सहितको आ.ब. २०७४/०७५ को बार्षिक वित्तीय विवरण, (२०७५ आषाढ मसान्तको वासलात तथा आ. व. २०७४/०७५ को नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण, नाफा नोक्सान बाँडफाँड हिसाब लगायत बार्षिक वित्तीय बिवरण संग सम्बन्धित अनुसुचीहरु समेत) पारित गर्ने निर्णय गरियो ।

४. अध्यक्षद्धारा संस्थाको आ. व. २०७५/०७६ को लागी लेखा परिक्षकको नियुक्ती र निजको पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा लेखा परिक्षण समितिको सिफारीस प्रस्तुत गर्न अनुरोध भएपश्चात् संचालक श्री वेविजन तिमल्सीना ज्यूले विवरण पेश गर्दै आ.व.२०७५/०७६ को लागि बाह्य लेखा परिक्षण गर्न लेखा परिक्षण शुल्क रु. ३००,०००। (अक्षरेपी तिन लाख रुपैयां मात्र) (VAT वाहेक) पारिश्रमीक प्रदान गर्ने गरी श्री पि एम एण्ड एसोसियट्स Audit Firm का चार्टर्ड एकाउण्टेण्ट श्री पारसमणि अर्याललाई नियुक्ती गर्ने प्रस्ताव साधारण सभामा स्वीकृतीको लागि पेश भएकोमा उल्लेखित पारीश्रमिक तथा सुविधा प्रदान गर्ने गरि लेखा परिक्षकको नियुक्तीको प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

५. यस बेष्ट फाइनान्स कम्पनी लि. ले सिनर्जी फाइनान्स लि. लाई प्राप्ती गरी पदस्थापन भई आउनु भएका सिनर्जी फाइनान्स लि. का शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने ३ जना संचालकहरुको बाँकी कार्यकालको लागि अनुमोदन गर्ने निर्णय गरियो ।

(ख) विशेष प्रस्तावहरु:–

१. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ को दफा १४ (१) मा भएको व्यवस्था बमोजिम संस्थाको संचालक समितिमा जम्मा ७ जनाको संख्या निर्धारण गर्ने र सोही बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेखीकरण गर्ने निर्णय गरियो ।

२. यस वित्तीय संस्था भविष्यमा अन्य उपयुक्त बैंक तथा बित्तीय संस्थासंग एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ति (Acquisition) गर्ने सम्वन्धी समझदारी पत्रमा हस्ताक्षर गर्न, चल अचल सम्पति र दायित्व मुल्याँकन (Due Diligence Audit) गर्नको लागि मान्यता प्राप्त मुल्याँकनकर्ता नियुक्त गर्न, निजको पारिश्रमीक तोक्न लगायत मर्जर सम्वन्धि अन्य आवश्यक प्रक्रिया पुरा गर्न अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

३. वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावली संशोधन सम्वन्धमा सम्वन्धीत निकायबाट कुनै थपघट, परिमार्जन गर्न निर्देशन भएमा सोहि बमोजिम संशोधन गर्ने सम्बन्धि सम्पूर्ण अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने निर्णय गरियो ।

(ग) बिबिध

अध्यक्षज्यूद्वारा बिबिधमा अन्य कुनै छलफलको विषय नभएको जानकारी गराउनु भयो ।

बेष्ट फाइनान्स कम्पनी लि. BEST FINANCE COMPANY LTD. BFC

कम्पनी सचिव

धन्यवाद तथा सभा विर्सजन

अध्यक्ष श्री पदमराज न्यौपानेज्यूले बित्तीय संस्थाको वार्षिक साधारण सभामा शेयरधनीहरुको उल्लेख्य सहभागीता भएकोमा खुशी प्रकट गर्दै वित्तीय संस्थाको उन्नती तथा प्रगतीको लागी सहयोग पुऱ्याउनुहुने ग्राहक महानुभावहरु, शेयरधनी महानुभावहरु, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, शेयर रजिष्ट्रार श्री ग्लोवल आइएमई क्यापीटल लिमिटेड, सिडीएस क्लियरीङ लिमिटेड तथा नेपाल सरकारका सम्बन्धित निकायहरुवाट पाएको सहयोग प्रति हार्दिक आभार प्रकट गर्नुभयो । साथै वित्तीय संस्थाको संस्थागत सुदृढीकरणको लागी महत्वपूर्ण भूमिका निर्बाह गनुहुर्ने वित्तीय संस्थाका बाह्य लेखा परिक्षक, श्री थानेश्वर बश्यालज्यू, कानूनी सल्लाहकारहरु अधिवक्ता श्री अरुण कुमार पौडेलज्यू तथा अधिवक्ता श्री श्याम कुमार खत्रीज्यूलाई हार्दिक धन्यबाद ब्यक्त गर्दै संस्थाको उन्नती तथा प्रगतीको लागि शेयरधनिहरुले यस सभामा राख्नु भएको सुझाव तथा सल्लाहलाई आत्मसाथ गरि कार्यान्वयन गर्दै जाने पुनः प्रतिवद्धता जाहेर गर्दै सभालाई सफलतापूर्वक सम्पन्न गर्न भुमिका निर्वाह गर्नुहुने शेयरधनीहरु, व्यवस्थापन तथा कर्मचारीलाई धन्यवाद व्यक्त गर्नुभयो । साथै यस संस्थाप्रति सकारात्मक धारणा राखी संस्थाको संस्थागत बिकाशको लागी सहयोगी भूमीका निर्वाह गरिदिनुहुने सञ्चार माध्यम तथा सम्पूर्ण शूभचिन्तकहरु प्रति आभार प्रकट गर्दै सभा विसर्जन भएको घोषणा गर्नु भयो ।

कम्पनी सचिव

..................
राजेश प्रसाद मानन्धर
नायव प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव

..................
पदमराज न्यौपाने
अध्यक्ष

बेष्ट फाइनान्स कम्पनी लि. BFC BEST FINANCE COMPANY LTD.

२०७५ फागुन १७ गते